# मायादेवी गाउँपालिकाको आ.ब. २०७९/८० को बजेट

## आय-व्ययको सार्बजनिकिकरण तथा बजेट बक्तब्य

## मायादेवी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

कम्हरिया, रुपन्देही

## लुम्बिनी प्रदेश, नेपाल

## ३२ आषाढ २०७९

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरु, पत्रकारज्युहरु, सुरक्षाकर्मीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु;**

१.नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना पश्चात दोस्रो पटक भएको निर्वाचन पछिको मायादेवी गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम, विनियोजन विधेयक २०७९ र आर्थिक विधेयक २०७९ यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरिरहेको छुँ ।

२. संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, विकास र समृद्धिमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संवैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित स्थानीय तहले पाँच वर्षभन्दा बढी कार्यकाल पूरा गर्दै गर्दा नीति तथा कानून निर्माण, संस्थागत संरचनागत प्रबन्ध, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास,सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन् तथापी गर्नुपर्ने कार्य तथा जन आकाङ्क्षा अझ बढी छन् । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरुको पूर्ण कार्यान्वयन मार्फत आम नागरिकलाई खुसी र सुखी बनाउँदै समृद्ध, सुन्दर तथा सु-संस्कृत गाउँपालिका निर्माण गर्न हामी निर्वाचित जनप्रतिनिधिहरु सधै प्रतिबद्ध रहने विश्वास सम्पूर्ण मायादेवी वासीलाई दिलाउन चाहन्छौं ।

३.अबको हाम्रो शत्रु भनेकै भोक, रोग, गरिवी, पछ्यौटेपन, अशिक्षा, अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध मायादेवी गाउँपालिका बनाउन हामी जन निर्वाचित प्रतिनिधिहरू सक्षम हुनेछौं किनकी हामीले जनताको सेवा गर्ने सौभाग्य प्राप्त गरेका

छौं। अतःएकताका साथ अगाडी बढ्दै "मायादेवीको पहिचानः सन्तुलित बिकास, गुणस्तरिय सेवा र सुशासन" भन्ने नारालाई सार्थक बनाउनु हामी सबैको साझा दायित्व हो ।

४. जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदियोस भन्ने हुन्छ तर साधन-स्रोतको सिमितताले असिमित आवश्यक्ता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकीकरण गर्दै सबै वर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अवधारणा अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

५. बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान संघीय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना र प्रादेशिक प्रथम आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणापत्रहरु, उपलब्ध स्रोत र साधनहरु, मायादेवी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिकसमाज, बुद्धिजीवि, पत्रकार र मायादेवी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत आधार मानेर बजेट निर्माण गरेको छु ।

६. बार्षिक बजेट तथा कार्यक्रम मायादेवी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण कडीको रुपमा रहेको ब्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । संघीय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेको छु ।

७.**सभाध्यक्ष महोदय**, चालु आ.व २०७८/७९ को योजना तथा कार्यक्रम हरु सबैजसो कार्यान्वयन तथा निर्माण सम्पन्न भई भुक्तानी भईसकेका छन। हालसम्म पुँजिगत तर्फ ७२.२९ प्रतिशत तथा चालु तर्फ ८२.३० प्रतिशत गरि औषतमा कुल ७७.७६ प्रतिशत वजेट खर्च भएको छ । नदिजन्य पदार्थ ठेक्कापट्टा व्यवस्थापन हुन नसक्दा आन्तरिक आयमा कमि आएको छ ।

**सभाध्यक्ष महोदय, अव म आ.व ०७९/८० को राजस्व तथा श्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।**

८.नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवस्यक व्यवस्था मिलाएको छु।

९.नदीजन्य पदार्थ चोरी, निकासी तथा अवैध उत्खनन रोकथाम, कर चुहावट नियन्त्रण गर्दै आन्तरिक आय बृद्धि गरि आत्म निर्भर उन्मुख हुदैं जाने तथा राजस्व परामर्श समितिले दिएका कर सुधारका सुझावहरुलाई तथा सम्मानित सभाले पारित गरिसकेको नीति तथा कार्यक्रमले अवलम्वल गरेका राजश्व सम्वन्धी व्यवस्था हरुको कार्यान्वयन गर्दै लैजाने ब्यवस्था मिलाएको छु ।

१०. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ती शिविरहरु सञ्चालन गर्ने, समयमै कर तिर्ने कराताहरुलाई छुट दिने, असल कर दातालाई सम्मान गर्ने ब्यवस्था मिलाएको छु ।

११. अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर छुट दिने व्यवस्था मिलाएको छु ।

१२. **सभाध्यक्ष महोदय,** आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै स्वस्थ्य, समृद्ध, आधुनिक तथा सुन्दर गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच पुरा गराउन आ.व २०७९/०८० को गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व ०७९/८० को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्ननुसार रहेको छ।**

| | |
|---|---|
| नेपाल सरकारबाट बित्तिय सामान्यीकरण | १५ करोड ६१ लाख |
| नेपाल सरकारबाट राजश्व बाँडफाँड | ११ करोड ६ लाख |
| शसर्त अनुदान (सङ्घिय सरकार) | १८ करोड १८ लाख |
| नेपाल सरकार समपुरक | १ करोड ५० लाख |
| बिशेष अनुदान | १ करोड ५० लाख |
| प्रदेश सरकारबाट प्राप्त (वित्तीय समानीकरण) | ८७ लाख ५६ हजार |
| प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रम | ८० लाख |
| प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ७६ लाख ८६ हजार |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | १ करोड ५० लाख |
| प्रदेश सरकारबाट बिशेष अनुदान | ६० लाख |
| सामाजिक सुरक्षा | २० करोड |
| मालपोतबाट प्राप्त रजिष्ट्रेशन रकम | १ करोड १० लाख |

| | |
|---|---|
| आन्तरिक राजस्व | ६ करोड |
| अ.ल्या/ बैङ्क मौज्दात | १ करोड |
| जम्मा | ८० करोड ४९ लाख ४२ हजार |

***जम्मा : रु ८० करोड ४९ लाख ४२ हजार***

**सभाध्यक्ष महोदय**, अव म मायादेवी गाउँपालिका, रुपन्देहीको आ.व २०७९/८० को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

यस गाउँपालिका अन्तरगतका वडाहरुबाट रु. १ करोड ३५ लाख बजेट सिमाभित्र रहि योजना तथा कार्यक्रम निर्धारण गर्ने ब्यवस्था मिलाएको छु ।

क्षेत्रगत विनियोजन

| क्र.सं. | बिषयगत क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ४ करोड २५ लाख ७४ हजार ५ सय | ७ प्रतिशत |
| २ | सामाजिक विकास | ८ करोड ३६ लाख २५ हजार ५ सय | १४ प्रतिशत |
| ३ | पूर्वाधार विकास | १९ करोड २२ लाख | ३२ प्रतिशत |
| ४ | वातावरण तथा विपद व्यवस्थापन विकास | १ करोड ३६ लाख २५ हजार ५ सय | २ प्रतिशत |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | २७ करोड ३९ लाख १६ हजार ५ सय | ४५ प्रतिशत |
| | ***रु ६० करोड ४९ लाख ४२ हजार*** | | १०० प्रतिशत |

## (१) सामाजिक विकास

## (क) शिक्षा, युवा तथा खेलकुद

(१) बिद्यालयहरुका लागी शिक्षक व्यवस्थापन सहयोग अनुदान (प्रति महिना प्रती शिक्षक प्राबि १६ हजार ५ सय निमावि १८ हजार ५ सय, मावि २० हजारर ५ सय का दरले अधिकतम १२ महिनाको हुन आउने रकम तथा पोषाक रु ५ हजारका दरले ब्यबस्थापन) गर्नको लागि रु. १ करोड ९ लाख १४ हजार बिनियोजन गरेको छु ।

(२) प्रधानाध्यापक तथा मदरसाका मौलानाहरुका लागी थप प्रोत्साहन (प्रति महिना प्रति बिद्यालय मा.वि ८०० निमा ५०० र प्रा.वि. ३०० का दरले ) उपलब्ध गराउनको लागि रु. २ लाख बिनियोजन गरेको छु ।

(३) न्यूनतम तलब कार्यान्वयन गर्ने सन्दर्भमा बालबिकास सहजकर्ता , बिद्यालय सहायक, बिद्यालय सहयोगी र CLC परिचालिकाका लागी संघिय सशर्त अनुदानमा थप ७००० का दरले १३ महिनाको रकम अनुदानको लागि ६४ लाख ६१ हजार बिनियोजन गरेको छुँ ।

(४) बिद्यालयहरुको शैक्षिक तथा भौतिक संरचना सुधार कार्यक्रमको लागि रु. ३० लाख छुट्याएको छुँ ।

(५) शिक्षा, युवा तथा खेलकुद सँग सम्वन्धित समसामयिक कार्यक्रम व्यवस्थापन/समसामयिक खेलकुद प्रतियोगिताहरु संचालनको रु. ६ लाख बिनियोजन गरेको छु ।

(६) आधारभुत तहका शिक्षकहरुलाई ICT तालिम तथा थप ICT बिस्तारको लागि रु. ८ लाख बिनियोजन गरेको छुँ ।

(७) शिक्षा दिवस, स्थानीय पाठ्यक्रम निर्माण  निर्माणका लागि आवश्यक वजेट व्यवस्था मिलाएको छु । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघको क्षमता अभिवृद्धिको लागि रकमको व्यवस्था मिलाएको छु ।

**(ख) जनस्वास्थ्य तथा पोषण**

१. स्वास्थ्य संस्थाहरुमा अत्यावश्क निःशुल्क औषधी वितरणका लागि औषधी तथा सर्जिकल सामाग्री खरिद को लगि रु २० लाख बिनियोजन गरेको छुँ ।

२. मायादेवी गाउँपालिकाको प्रशासनीक भवन सङ्गै निर्माण हुन लागेको १५ शैयाको अस्पतालको लागि रु. ४० लाख बिनियोजन गरेको छु ।

३. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई यातायात तथा संचार बापत रु. ९ लाख ९६ हजार बिनियोजन गरेको छु ।

४. संघ तथा प्रदेश सरकारको समन्वयमा पाठेघर खस्ने र क्यान्सर स्क्रिनिङ्ग शिविर सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

५. ७० बर्षमाथिका ज्येष्ठ नागरिक, अति अशक्त"क" र "ख"वर्गको परिचय पत्र भएका अशक्त लगाएतका ब्यक्तिहरुलाई घरदैलो उपचार कार्यक्रम सञ्चालनको बजेट ब्यवस्थापन गरेको छु ।

६. नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन  गरि  आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

**(ग) महिला, वालबालिका र सामाजिक समावेशीकरण**

१. आर्थिक, सामाजिक र शैक्षिकरुपमा पछाडीपरेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग,अपांङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायको उत्थानकामहिला, वालबालिका र सामाजिक समावेशीकरण लागि गाउँपालिका तथा वडा तर्फबाट गरी जम्मा रु ८९ लाख ३० हजार विनियोजन गरेको छु ।
२. महिलाहरुको सशक्तिकरण,क्षमता विकास, आयमुलक सीप सिकाइ स्वरोजगार बनाउनको लागि १३ लाख ५० हजार विनियोजन गरेको छु।
३. विभिन्न जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधताको सम्बोधन र जगेर्ना गर्न विभिन्न कार्यक्रम गर्न रु १५ लाख विनियोजन गरेको छु ।
४. अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, सहयोग, सहायता सामाग्री वितरण, आयमुलक तालिम लगायतका कार्यका लागि रु ११ लाख १० हजार विनियोजन गरेको छु।
५. ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि वडा कार्यालय तथा गा. पा.बाट गरी जम्मा रु १२ लाख २० हजार विनियोजन गरेको छु।
६. लैगिंक हिसां विरुद्धको १६ दिने अभियानको रु. ८० हजार बिनियोजन गरेको छु ।
७. संघिय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षाबापतको रकम रु. २० करोड सामाजिक सुरक्षा भत्ताकै लागि खर्च हुनेछ ।

## ३. भौतिक पूर्वाधार विकास

१. भौतिक पुर्वाधार विकास तर्फ संघीय अनुदान ,प्रदेश अनुदान तथा आन्तरिक स्रोत गरि जम्मा रु १९ करोड २२ लाख वजेट विनियोजन गरेको छु।

२. शहरोन्मुख क्षेत्र तथा पानी निकासको समस्या भएका वस्तिहरुमा नाली तथा ढल निकासको व्यवस्था गर्दै जाने नीति अनुरुप आवश्यकक वजेट व्यवस्था गरेको छु ।

३. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माणलाई प्राथमिकता दिइनेछ । आवस्यकता अनुसार स्तरिय ग्रावेल तथा कृषि सडक निर्माणका लागि वजेट व्यवस्था गरेको छु।

४. गाउँपालिका क्षेत्रभित्र सडक सञ्जाल निर्माणका लागि सडक गूरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध तरीकाले स्तरीय सडक सञ्जाल निमार्ण गरिने नीति अनुसरण गरिनेछ । सडक गुरुयोजना निर्माणका लागि आवस्यक वजेट व्यवस्था गरेको छु।

५. आकस्मिक मर्मत सम्भार कोषको व्यवस्था गरी मौसमी तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको तत्काल मर्मत सम्भारको व्यवस्था गरिनेछ । संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक कोषमा एकमुष्ट रु २ करोड ५० लाख विनियोजन गरेको छु।

६. विद्युत वितरण प्रणालीमा आवद्ध नभएका वस्तिहरुमा विद्युत विस्तार लगायत जिर्ण पोलहरुको व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

७. सार्बजनिक शौचालय निर्माण र मायादेवी मन्दिर निर्माण (प्रशासनिक भवन नजिक) को लागि रु. ३० लाख बिनियोजन गरेको छुँ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गरिनेछ । युवारोजगारीका लागि

रुपान्तरण पहल परियोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि सघींय सरकारको अनुदान बाहेक थप रु. १० लाख(गा.पा. र वडा गरि) वजेट व्यवस्था गरेको छु।

## (४) वन,वातावरण तथा विपद् व्यवस्थापन

१. दानव र तीनाउ नदीको कटान तथा डुबान नियन्त्रणको लागि तटबन्धन गरिनेछ । जसका लागि आवस्यक वजेट व्यवस्था गरेको छु।

२. विभिन्न प्राकृतिक तथा अन्य प्रकोपजन्य परिस्थितिमा तत्काल राहत, खोज, उद्धार र पुनः स्थापना कार्य संचालनका लागि विपद व्यवस्थापन कोषमा रु ४० लाख विनियोजन गरेको छु।

३. गाउँपालिका परिसरलाई हरियाली युक्त तथा वातावरण मैत्रि वनाउन गाउँपालिका अँगाडिको खालि क्षेत्रमा पार्क निर्माण गर्नका आवश्यक बजेट ब्यवसथापान गरेको छु ।

## (५) सुशासन तथा संस्थागत विकास

१. गाउँपालिका,वडा कार्यालयहरु, विषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न अभिप्रेरित गरिनेछ । निर्वाचित जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

२. सबै कर्मचारीहरुको कार्य विवरण, काम, कर्तब्य र अधिकार तथा कार्य सम्पादन सम्झौता, कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

३. वडा नं. २ र ३ को भवन कार्यालय निर्माण गरिने छ । ६ नं. वडा कार्यालयको भवन यसै बर्ष सम्पन्न गरिनेछ । बिभिन्न ठुला योजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने डि.पि.आर निर्माण कार्यको लागि आवस्यक वजेट विनियोजन गरेको छु।

४. नियमित र प्रभावकारी बजार अनुगमनको योजनाको गुणस्तर, बजार अनुगमन, र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ । जसका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु।

५. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी निर्माण कार्यलाई थप गुणस्तरिय बनाउन उपभोक्ता समिति तालिमका लागि रकम विनियोजन गरेको छु। ।

६. संघीय सरकारको नीति/घोषणा अनुरुप राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुको तलव १५ प्रतिशत ले वृद्धि भएकोमा सो का लागि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु । साथै खाइपाई आएको महङ्गी भत्तालाई निरन्तरता दिएको छु। गाउँपालिकामा कार्यरत कर्मचारीलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा लाग्न अभिप्रेरित गर्न पुरस्कार र सम्मानको ब्यवस्था गरेको छु ।

७. मायादेवी गाउँपालिकाको सेवा प्रवाहको कार्यचाप मध्यनजर गर्दै अतिरिक्त समयमा समेत सेवालाई चुस्त र दुरुस्त बनाई राख्न रास्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च पार्नका लागि प्रोत्साहन स्वरुप यस गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुलाई सुरु तलव स्केलको २५ प्रतिशत , यस कार्यपालिकाको कार्यालयबाट करार सेवामा नियुक्त भइ कार्यरत रहेका करारका कर्मचारीहरु लाइ २० प्रतिशत र गाउँपालिका अन्तरगतका स्वास्थ्य

संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि ७ प्रतिशत प्रोत्साहन भत्ता को व्यवस्था मिलाएको छु ।

८. गाउँपालिकाको समग्र हित र विकास व्यवस्थापनका लागि समय समयमा विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याउनु भएका ज्येष्ठ नागरिक, सामाजिक, राजनीतिक व्यक्तित्व, समाजसेवी उद्योगी, शिक्षाप्रेमी लगायत महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गरिने छ । जसका लागि आवस्यक वजेट विनियोजन गरेको छु।

९. गाउँपालिकामा हालसम्म तर्जुमा भएका स्थानीय कानूनहरुको पालना गर्नु गराउनुका साथै औचीत्यका आधारमा संशोधन तथा परिमार्जन गरिनेछ । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार कार्यान्वयन गर्न आवश्यक पर्ने थप कानूनहरु ६ महिनाभित्र निर्माण गरिने छ । कानूनहरूको कार्यान्वयन गरीगराई विधिको शासन अवलम्वन गरी सुशासन युक्त स्थानीय तहका रुपमा मायादेवी गाउँपालिकालाई स्थापित गर्न आवस्यक वजेट व्यवस्था गरेको छु।

१०. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायिक कार्यलाई निष्पक्ष, व्यवस्थित विश्वासयोग्य, पारदर्शी बनाउदै लगिने छ । मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ । सबै वडामा मेलमिलाप केन्द्रलाई क्रियाशील बनाइनेछ जसका लागि न्यायिक समिति तर्फ रु १० लाख ५० हजार विनियोजन गरेको छु।

११. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्नका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु।

**सभाध्यक्ष महोदय,**

१. यसरी समग्रमा आ.व ०७९/८० को कूल वजेटको आकार जम्मा रु ८० करोड ४९ लाख ४२ हजार रहने गरी सन्तुलित वजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालुतर्फ रु ४७ करोड ३० लाख ३७ हजार (५९ प्रतिशत) र पुजीगत तर्फ रु ३३ करोड १९ लाख ०५ हजार (४१ प्रतिशत) प्रस्ताव गरिएको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

२. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा राजश्व प्राप्तिको लागि आवश्यक पर्ने विनियोजन विधेयक, २०७९ र आर्थिक विधेयक, २०७९ सम्मानित सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

३. वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण तथा राजश्वका दरहरु संलग्न अनुसूचिहरुमा प्रस्तुत गरेको छु ।

अन्त्यमा, बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गरी समृद्ध, सुन्दर र समुन्नत मायादेवी बनाउन सभाका सम्पूर्ण सदस्यहरू लाग्नु हुने छ भन्ने कुरामा विश्वास लिएको छु । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुनेछ भन्ने अपेक्षासहित आम मायादेवी गाउँपालिका वासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवि समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु । बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२०७९/०३/३२

धन्यवाद, जय मायादेवी

नर्वदादेवी उपाध्याय

उपाध्यक्ष

मायादेवी गाउँपालिका, रुपन्देही ।